2016-
Apr ed.

नेपाली

# जापानमा निवासीहरूको रूपमा दर्ता भएका विदेशीहरूलाई: एकल नम्बरमा जानकारी (मेरो नम्बर)

जनवरी 2016 मा, सामाजिक सुरक्षा र कर नम्बरहरू ( व्यक्तिगत नम्बरहरू वा "मेरा नम्बरहरू" पनि भनिन्छ), लाई सामाजिक सुरक्षा, कर र दुर्घटना प्रतिक्रियाका फाँटहरूमा प्रयोग गरिन्छन्।

## 1. व्यक्तिगत नम्बर के हो?

व्यक्तिगत नम्बरहरू ("मेरा नम्बरहरू" भनि बोलाइन्छ) सामाजिक सुरक्षा र कर नम्बर प्रणाली अन्तर्गत जापानमा निवासी व्यक्तिहरूलाई तोकिएका 12-अंक नम्बरहरू हुन्। तिनीहरू सामाजिक सुरक्षा, कर र दुर्घटना प्रतिक्रियाका फाँटहरूमा प्रयोग गरिन्छन्। प्रणालीले प्रशासकीय पारदर्शकता वृद्धि गर्न, जनसाधारणमा अझ बढी सुविधा ल्याउन, र न्यायपूर्ण समाज सिर्जना गर्नको लागि सामाजिक निम्नरचनाको रूपमा सेवा गर्दछ।
जापानमा निवासीहरूको रूपमा दर्ता भएका विदेशीहरूले (मध्यम-अवधि निवासीहरू, विशेष स्थायी निवासीहरू, आदि) उनीहरूका व्यक्तिगत नम्बरहरू पनि प्राप्त गर्नेछन्।

## 2. तपाईंको व्यक्तिगत नम्बरको सूचना

- यदि तपाईं जापानमा निवासीको रूपमा दर्ता हुनुभएको छ भने, तपाईंको व्यक्तिगत नम्बर तपाईंको दर्ता गरिएको ठेगानाको नगर कार्यालयबाट तपाईंले प्राप्त गर्नुभएको सूचना कार्डमा छापिएको हुन्छ।
  (सूचना कार्डको म्याद कहिले पनि समाप्त हुनेछैन। आफ्नो सूचना कार्ड नफाल्नुहोस्। तपाईंले त्यसलाई सुरक्षित साथ राख्न अनिवार्य छ।)
- मध्यम- देखी लामो-अवधि निवासी स्थितिको साथमा जापान प्रवेश गर्ने विदेशीहरूले उनीहरूका व्यक्तिगत नम्बरहरू निवासी दर्ताको समयमा प्राप्त गर्नेछन्।

## 3. व्यक्तिगत नम्बर कहिले प्रयोग गर्ने

- 2016 वा परको लागि तपाईंको कर फिर्ताको लागि भर्दा जस्तै, तपाईंले कर प्रक्रियाहरूको लागि कर कार्यालयमा व्यक्तिगत नम्बर प्रस्तुत गर्नुहुनेछ।
- तपाईंले कर र सामाजिक सुरक्षा प्रक्रियाहरूको लागि आफ्ना रोजगारदातालाई आफ्नो व्यक्तिगत नम्बर तपाईंले प्रस्तुत गर्नुहुनेछ।
- करको प्रक्रियाको लागि तपाईंले शेयर फर्म र बीमा कम्पनीहरू आदिमा व्यक्तिगत नम्बर प्रस्तुत गर्नुहुनेछ।
- तपाईंले कल्याण लाभहरू प्राप्त गर्न र राष्ट्रिय स्वास्थ्य बीमा र नर्सिङ स्याहार बीमा कार्यक्रमहरू अन्तर्गत प्रक्रियाहरूको लागि आफ्नो नगर कार्यालयमा व्यक्तिगत नम्बर प्रस्तुत गर्नुहुनेछ।
- अन्य राष्ट्रहरूबाट मुद्रा प्राप्त वा त्यहाँ मुद्रा पठाउँदा तपाईंले आफ्नो व्यक्तिगत नम्बर बैंक वा हुलाक कार्यालयमा प्रस्तुत गर्नुहुनेछ।

नोट: माथिमा प्रक्रियाहरूमा, तपाईं व्यक्तिगत नम्बर सम्हाल्ने संस्थाले (1) नम्बरको वैधानिकता र (2) अधिकारीको पहिचानलाई निश्चय गर्दै पहिचान जालसाजी रोक्नेछ।
सूचना कार्डले नम्बर मात्र प्रमाण गर्ने हुनाले, तपाईंले आफ्नो व्यक्तिगत आइडी प्रस्तुत गर्नुपर्नेछ (उदाहरण - दर्ता कार्ड, विशेष स्थायी निवास प्रमाणपत्र)।

## 4. व्यक्तिगत नम्बर कार्ड के हो (मेरो नम्बर कार्ड)?

- यस कार्डले व्यक्तिगत नम्बरसँग सम्बन्धित कुनै पनि प्रक्रियाहरूमा तपाईंका दुवै व्यक्तिगत नम्बर र पहिचान प्रमाणित गर्नेछ। यसले तपाईंको औपचारिक आइडी कार्डको रूपमा पनि सेवा गर्नेछ।
- तपाईंले व्यक्तिगत नम्बर कार्डको लागि आवेदन गर्न सक्नुहुन्छ। विभिन्न आवेदन विकल्पहरू उपलब्ध छन्, जस्तै तपाईंको अनुहारको तस्विर संलग्न गरी पत्रद्वारा एक आवेदन फारम (तपाईंको सूचना कार्डसँग प्राप्त गरिएको) फिर्ता गर्ने, वा PC वा स्मार्टफोन मार्फत अनलाइन आवेदन गर्ने। कार्डको प्रथम जारी नि:शुल्क छ।

- तपाईंले एक पटक व्यक्तिगत नम्बर कार्डको लागि आवेदन गरे पछि, तपाईंको कार्ड जारीको लागि तयार छ भनि कथन गर्ने एक पोस्ट कार्ड तपाईंले प्राप्त गर्नुहुनेछ। तपाईंले नगर कार्यालयमा (1) यस पोस्टकार्ड (2), आफ्नो सूचना कार्ड, र (3) तपाईंको व्यक्तिगत आइडी (निवासी कार्ड, आदि) ल्याइ प्राप्त गर्न सक्नुहुनेछ। तपाईंले जारीको समयमा व्यक्तिगत पहिचान नम्बर सेट गर्न आवश्यक छ।
- तपाईंको व्यक्तिगत नम्बर कार्ड यदि तपाईं 20 वर्ष वा बढी उमेरको हुनुहुन्छ भने, वा यदि तपाईं 20 वर्ष भन्दा कम उमेरको हुनुहुन्छ भने आफ्नो पाँचौं जन्मदिनसम्म जारी भए पछि दसौं जन्मदिनसम्म वैधानिक हुनेछ। नोट गर्नुहोस् कि तपाईंको निवासी अवधि वा अन्य सर्तहरूमा आधारित भइ म्याद समाप्त हुने मिति भिन्न हुन सक्छ।
- कार्डलाई एक IC चिपको साथमा सन्निविष्ट गरिएको हुन्छ, जसले अनलाइन कर फिर्ता र अन्य प्रक्रियाहरूको लागि प्रयोग गरिने एक इलेक्ट्रोनिक प्रमाणपत्र भण्डार गर्न सक्छ।
- केही नगरपालिकाहरूमा, कार्डलाई सार्वजनिक सेवाहरू (उदाहरण - सार्वजनिक पुस्तकालय सेवाहरू, सिल दर्ता प्रमाणपत्रको जारी) प्राप्त गर्न वा सुविधा पसलमा तपाईंको निवासी प्रमाणपत्रको एक प्रतिलिपि प्रप्ा्त गर्नको लागि प्रयोग गर्न सकिन्छ।
- IC चिपले तपाईंको नाम, ठेगाना, व्यक्तिगत नम्बर, र अन्य जानकारी कार्डको अनुहारमा छापिएको समावेश गर्नेछ। तपाईंको आम्दानी जस्ता कुनै पनि उच्च रूपमा संवेदनशील जानकारी, रेकर्ड गरिनेछैन।
- व्यक्तिगत कार्ड नम्बर प्राप्त गरिसके पछि पनि, तपाईंले अझै पनि आफ्नो निवासी कार्ड, विशेष स्थायी निवासी प्रमाणपत्र आदि राख्न आवश्यक पर्नेछ।

## 5. व्यक्तिगत नम्बर सम्हाल्दा लिनुपर्ने पूर्व-सावधानीहरू

- जब सूचना कार्ड वा व्यक्तिगत कार्डमा कथन भएको ठेगाना वा अन्य जानकारी अद्यावधिक गर्न आवश्यक भएको बेला, कृपया नगर कार्यालयलाई सम्पर्क गर्नुहोस्।
- कानुनद्वारा अनुमति नगरेसम्म कसैले पनि व्यक्तिगत नम्बरहरू प्रयोग वा संकलन गर्न अनुमति दिइएको छैन। जब कसैले तपाईंलाई आफ्नो व्यक्तिगत नम्बर सोध्छ, त्यसलाई कसले प्रयोग गर्नेछ र कुन उद्देश्यको लागि प्रयोग गर्नेछ भनि जाँच्न निश्चित रहनुहोस्।
- अरूहरूको व्यक्तिगत नम्बरहरू गैर-कानुनी रूपमा प्राप्त गर्ने कुनै पनि व्यक्तिलाई सजाय दिइनेछ।
- अरूहरूलाई आफ्नो व्यक्तिगत नम्बर हेलचेक्रयाइँ गरी नभन्नुहोस्, विशेष गरी शंकास्पद टेलिफोन कलहरू।

## 6. व्यक्तिगत नम्बरको बारेमा सोधपूछहरू

- टोल-नि:शुल्क नम्बरहरू, अङ्ग्रेजी, चिनियाँ, कोरियन, स्पेनिस र पोर्टुगीजमा उपलब्ध

  **0120-0178-26 सामाजिक सुरक्षा र कर नम्बर प्रणालीको बारेमा सोधपुछहरू**

  **0120-0178-27 सूचना कार्ड र व्यक्तिगत नम्बर कार्डको बारेमा सोधपुछहरू**

  9:30–20:00 आइतवार देखि शुक्रवारसम्म, 9:30–17:30 शनिवार र आइतवार र राष्ट्रिय बिदाहरूमा (वार्षिक-अन्त्य/नयाँ वर्षको बिदामा बन्द हुन्छ)

  ● हराएको वा चोरी भएको कारणले गर्दा आफ्नो व्यक्तिगत नम्बर कार्डको आपतकालीन निलम्बनको लागि, 0120-0178-27 मा कल गर्नुहोस्, 24/7 उपलब्ध।

- निम्न वेबसाइटहरूमा बहुविध भाषाहरूमा व्यक्तिगत नम्बरमा जानकारी उपलब्ध छन्:
  - मन्त्रीमण्डल सचिवालय: http://www.cas.go.jp/jp/seisaku/bangoseido/
  - J-LIS: https://www.kojinbango-card.go.jp/



प्रत्येक मानिसलाई एक अद्वितीय व्यक्तिगत नम्बर निर्धारण गरिएको छ। कृपया होसियारीका साथ आफ्नो सम्हाल्नुहोस्!

内閣府
Cabinet Office, Government of Japan